# द्वन्द्व समाधानको लागि अन्तर्राष्ट्रिय संलग्नता

*सरिता गिरी*

केन्द्रीय समिति सदस्य, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

साराभानामुत्तुले सोध्नु भएका जस्तै प्रश्नहरूको उत्तर हामी पनि नेपालमा खोजिरहेछौं । संविधान संशोधन मात्रगरे हुन्छ कि नयाँ संविधान नै बनाउनुपर्छ ? यो द्विविधाको अन्त कसरी गर्ने ? भइरहेको संवैधानिक रूपरेखाभित्रैबाट त्यसो गर्न वा सहमति खोज्न सम्भव छ ? हामी यस्ता प्रश्नहरूको सामना गरिरहेका छौं ।

मैले बुझेअनुसार यो प्रस्तुतिमा पाँच मुख्य कुराहरू पाएँ :

१. न्यायको निम्ति गरिएको सङ्घर्षप्रति राज्यको प्रतिक्रिया

२. 'न युद्ध न शान्ति' को अवस्था

३. सामाजिक सम्झौताहरू पुनर्लेखनमाथि बहस

४. युद्धविराममा मध्यस्थता र त्यसको महत्व

५. बाह्य शक्तिहरूको विगत र वर्तमानमा भूमिका

सम्झौता प्रक्रियामा कसरी विभिन्न राजनीतिक स्वार्थहरू घुस्छन् भन्ने कुरा विचारणीय हुन्छ। हाम्रो देशको पहिलो शान्तिवार्ता हुँदा राजनीतिक पार्टीहरूसँग कसरी द्वन्द्व समाधान गर्ने भन्ने दृष्टिकोण थिएन। दोस्रो चरणसम्ममा सैन्य शक्ति बराबरीमा पुगिसकेको थियो।

श्रीलङ्कामा द्वन्द्व एउटा क्षेत्रमा सीमित थियो तर यहाँ देशभर फैलिएको छ। हामीले श्रीलङ्का भ्रमणको क्रममा शान्ति प्रक्रियामा संलग्न विभिन्न पक्षहरूसँग वार्ता गऱ्यौं। संविधान आफैं नै शान्तिका लागि एउटा अवरोध थियो। सिद्धान्ततः सबै राजनीतिक शक्तिले संविधान सुधार वा संशोधनका कुरा गर्छन् तर व्यवहारमै लागू गर्न उनीहरू तयार छैनन्।

श्रीलङ्काको द्वन्द्व द्विपक्षीय छ भने नेपालको त्रिपक्षीय। नेपालका राजनीतिक दलहरू माओवादी द्वन्द्वलाई सम्बोधन गर्ने किसिमका परिवर्तन ल्याउनुपर्छ भन्नेकुरामा इमान्दार छैनन्। साथै माओवादी द्वन्द्व विचारधारासँग सम्बन्धित छ। आफ्नो पक्षमा समर्थन बढाउन हाल उनीहरूले जातीय र जनजातीय विभेदको कुरा उठाएका छन्। उनीहरूले गणतन्त्रको मागलाई छोडेर संविधानसभालाई आफ्नो माग बनाएका छन्। यो रणनीतिक कदम हो। उनीहरू अन्य राजनीतिक समूहलाई एकअर्कासँग जुधाउन पनि सफल भएका छन्।

यस्तो परिस्थितिमा नेपालमा पनि सामाजिक सम्झौतालाई परिवर्तन गर्ने कुरा उठेको छ। संवैधानिक समाधानको दिशातिर कसरी अगाडि बढ्ने भन्ने चुनौती छ। देशमा अहिले प्रजातन्त्र छैन। नयाँ सामाजिक सम्झौताभन्दा पहिले हामीले धेरैकुरा गर्नुपर्ने हुन्छ। ती प्रक्रियामा अन्तर्राष्ट्रिय शक्तिहरूको सहभागितालाई नकार्न सकिंदैन। द्वन्द्व समाधान र प्रजातन्त्रका निम्ति अन्तर्राष्ट्रिय प्रभावको कसरी उपयोग गर्ने भन्नेकुरा आजको चुनौती हो।